आज मिति २०८० साल बैशाख ३१ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइराला ज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा आ.व २०७९/८० को चौधौं बैठक सम्पन्न गरियो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | शिशिर पौडेल | सदस्य सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | श्री सुजन मिश्र | सूचना प्रविधि अधिकृत | |
| २ | राजिव घिमिरे | सहायक पाँचौं | |
| ३ | | | |

# नगर-कार्यपालिकाको मिति २०८०/०१/३१ गते बसेको आ.व २०७९/८० को चौधौं बैठकका निर्णयहरु :

**निर्णय नं १**

सुन्दरबजार नगर कार्यपालिकाको मिति २०७९/१२/२९ गते बसेको आ.व २०७९/८० को तह्रौं बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा ४ वटा निर्णयहरु भएकोमा निर्णयहरु कार्यान्वयनको क्रममा रहेको पाईयो ।

**निर्णय नं. २**

प्रस्तुत विषयमा यस नगरपालिका नगरकार्यपालिकाको मिति २०७९।०४।२४ गते बसेको आ.व २०७९/८० को दोस्रो बैठकको निर्णय नं ७ अनुसार हाल सुन्दरबजार नगरपालिका वडा नं ७ (साबिक सुन्दरबजार गा.वि.स ९ र संसोधित साबिक सुन्दरबजार नगरपालिका ५) मा रहेको साबिक सुन्दरबजार उप स्वास्थ्य चौकी स्तरोन्नती भई सुन्दरबजार अस्पतालको रुपमा सेवा प्रदान गर्दै आइरहेको ।

मिति २०७७/१०/१२ गते बसेको ९३ औं नगर कार्यपालिका बैठकको निर्णय नं ५० अनुसार "लमजुङ जिल्लाको जिल्ला अस्पतालको रुपमा संचालन हुदै आएको, जिल्ला स्वास्थ्य कार्यालय लमजुङको प.सं ०७२/०७३ च.नं ८३९ मिति २०७२/१०/२८ गतेको पत्र अनुसार स्वास्थ्य चौकीबाट १५ शैयाको अस्पतालमा स्तरोन्नति भएको सुन्दरबजार अस्पतालको स्वामित्वमा ३-०-०-० मात्रै जमीन रहेको छ । उक्त सीमित जमीनमा अस्पतालका लागि अत्यावश्यक सेवा उपलब्ध गराउन आधारभूत संरचना निर्माण तथा स्थापनाका लागि जमीन अपुग छ । जसका कारण अस्पतालको आधारभूत संरचना निर्माण स्थापना र सेवा विस्तारका लागि जग्गा प्राप्त गर्नु अत्यावश्यक देखिन्छ । अस्पतालका लागि जग्गा प्राप्ति गर्न प्रचलित कानुनहरुको परिधिमा रही अस्पताल देखि अन्दाजी २०० मिटर दूरीमा एक आपसमा जोडिएको सार्वजनिक गौचरन कि.नं ५५ बाट ७-१-१-०,कि.नं ७४ बाट ५-१४-१-२ र कि.नं २४१ बाट २५-०-०-० गरी जम्मा ३७-१५-२-२ क्षेत्रफल रहेको जग्गाहरु अस्पतालको नाममा दर्ता कायम गर्ने प्रयोजनका लागि जिल्ला स्तरीय सरकारी तथा सार्वजनिक जग्गा संरक्षण समिति समक्ष सिफारिस गर्ने निर्णय भएको" ।

मध्यपहाडी राजमार्ग र डुम्रे-बेशिसहर-मनाङ सहायक राजमार्गमा पर्ने उक्त अस्पतालको स्तरउन्नती गरी कम्तिमा २५ शैयाको अस्पताल भवन निर्माण, सुन्दरबजार नगरपालिका र स्वास्थ्य अनुसन्धान परिषद रामशाहपथ, काठमाण्डौ बिच मिति २०७९/१०/२० गते भएको समझदारी अनुसार स्वास्थ्य अनुसन्धान केन्द्रको भवन निर्माण, ल्बड बैंक स्थापना, ट्रमा सेन्टर संचालन, मुर्दा घर निर्माण, अस्पतालको फोहोर प्रशोधन केन्द्र लगायतका संरचना निर्माण गर्नुपर्ने भएकोले हाल सुन्दरबजार नगरपालिका वडा नं ७ (साबिक सुन्दरबजार गा.वि.स ९ र संसोधित साबिक सुन्दरबजार नगरपालिका ५) मा रहेको साबिक सुन्दरबजार उप स्वास्थ्य चौकीको नाममा ३-०-०-० रोपनी (कि.नं ९३५,९३७ र ९५२) को जग्गा धनी दर्ता प्रमाण पूर्जा रहेको हुँदा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य भवन पूर्वाधारको डिजाइन तथा निर्माण सम्बन्धी निर्देशिका(पहिलो संसोधन)२०७७ अनुसार भवन निर्माणका लागि हाल सुन्दरबजार नगरपालिका वडा नं ७ (साबिक सुन्दरबजार गा.वि.स ९ र संसोधित साबिक सुन्दरबजार नगरपालिका मा रहेको कि.नं ५५

शिशिर पौडेल
प्रशासकीय अधिकृत

क्षेत्रफल ७-१-१-० को जग्गा , कि.नं ७४ क्षेत्रफल ५-१४-१-२ को जग्गा र कि.नं २४१ को क्षेत्रफल ४८-११-६-१ को जग्गामध्ये २५-०-०-० क्षेत्रफल गरी जम्मा ३७-१५-२-२ प्रयोग गर्दा तोकिएको मापदण्ड अनुसार पर्याप्त जग्गा हुने देखिएको । सो जग्गा सुन्दरबजार अस्पतालले प्रयोग गर्नको लागि मिति २०७९ आश्विन ३० गते सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड २०७७ को दफा ६ बमोजिमको समितिको बैठक बसी सार्वजनिक जग्गा उपयोग गर्ने सम्बन्धमा गरेको निर्णयमा सुन्दरबजार अस्पताल हुनु पर्नेमा सुन्दरबजार स्वास्थ्य चौकी भएको, सो जग्गा अस्पतालले प्रयोग गर्दा त्यस वरपरको ऐतिहासिक, पुरातात्विक, धार्मिक, साँस्कृतिक महत्वका स्थलहरुको मौलिकतामा भविष्यमा पनि कुनै असर नपर्ने विषयको सुनिश्चितता र सो जग्गाको संरक्षणमा नगरपालिका पूर्ण प्रतिवद्ध रही ३० वर्षका लागि निःशुल्क लिजमा जग्गा उपयोग गर्ने सम्बन्धमा नगरकार्यपालिकाको बैठकबाट निर्णय भएको तर समितिको निर्णयमा सो विषय उल्लेख नभएको, भूमि सम्बन्धी ऐन २०२१ को दफा ५९(क) बमोजिम जग्गा माग गरेको स्थानमा भवन निर्माणका लागि मापदण्ड अनुसारको न्यूनतम समेत क्षेत्रफल पुग्ने सरकारी जग्गा नभएको विषय उल्लेख नभएको हुँदा छुट विषयहरु समावेश गरी उक्त ३७-१५-२-२ जग्गा मध्ये, कि.नं ५५ को क्षेत्रफल ७-१-१-० र कि.नं २४१ क्षेत्रफल ४८-११-६-१ मध्ये २५-०-०-० रोपनी गरी ३२-१-१-० सार्वजनीक जग्गा सुन्दरबजार अस्पतालको भवन निर्माणका लागि सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड २०७७ को दफा ६ बमोजिमको र कि.नं ७४ को क्षेत्रफल ५-१४-१-२ सरकारी(खोल्सी) जग्गा नेपाल स्वास्थ्य अनुसन्धान परिषद, स्वास्थ्य ईकाई अध्ययन अनुसन्धान सम्पर्क कार्यालयको भवन निर्माणका लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा १० बमोजिमको सिफारिस समितिको बैठक बसी सिफारिस गर्नको लागि श्री जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

श्री सौभाग्य सदन मा.वि, धुसेनीको च.नं ५३ मिति २०७९/१२/१० को पत्र अनुसार मिति २०७९/१०/१६ गते देखी १८ गते सम्म संचालन गरिएको राष्ट्रपति रनिङ्ग शिल्ड-२०७९ मा खर्च भएको रकम रु ५,५४,५२५। (अक्षरेपी पाँच लाख चौवन्न हजार पाँच सय पच्चिस मात्र) भुक्तानी माग भएको, सहभागिता र खाजा खाना खर्चमा विद्यालयलाई निकासा दिनुपर्ने रकम रु २,३३,२००। (अक्षरेपी दुई लाख तेत्तीस हजार दुई सय मात्र), पोशाक र प्रिन्टमा खर्च रु १,००,९००।(अक्षरेपी एक लाख नौ सय मात्र) , बैठक खर्च रु २४,०००।(अक्षरेपी चौबिस हजार मात्र) र विविध खर्च रु १५,०००। (अक्षरेपी पन्ध्र हजार मात्र) गरी जम्मा रु ११,५७,९२५।(अक्षरेपी एघार लाख सन्ताउन्न हजार एक सय पच्चिस मात्र) खर्च भएको मध्ये सशर्त अनुदान तर्फ रु १,००,०००।(अक्षरेपी एक लाख मात्र) र आन्तरिक तर्फ रु ५,५०,०००।(अक्षरेपी पाँच लाख पचास हजार मात्र) विनियोजन भएकोले नपुग रकम रु ५,०७,९२५।(अक्षरेपी पाँच लाख सात हजार नौ सय) विविध चालु शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सुन्दरबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुन्दरबजार लमजुङ गण्डकी प्रदेश, नेपाल

**निर्णय नं. ४**

आ.व २०७९/८० को वार्षिक कार्यक्रम अन्तर्गत सि.सि क्यामरा जडान तथा मर्मत शिर्षकमा विनियोजित रु १०,००,०००। (अक्षरेपी दश लाख मात्र) बाट नगर क्षेत्र भित्र जडान गरिएको सि.सि क्यामेराको कन्ट्रोल सेन्टर रहेको ईलाका प्रहरी कार्यालयको कार्यालय भवन सु.न.पा ८, बगैंचामा सरेको हुँदा सो कार्यालयमा कन्ट्रोल सेन्टर स्थानान्तरण गर्ने, जडान गरिएका ३२ वटा क्यामेराहरु पूर्ण रुपमा संचालन गर्नको लागि परामर्शदाता कम्पनी छनौट गरी जिम्मेवारी प्रदान गर्ने, सुरक्षाको दृष्टिकोणले संबेदनशिल स्थानमा थप सि.सि क्यामरा जडान गर्ने साथै हाल संचालनमा नरहेका क्यामराहरु मर्मत गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

यस नगरपालिका नगरकार्यपालिकाको मिति २०७९/०९/१३ गते बसेको आ.व २०७९/८० को नवौं बैठकको निर्णय नं ६ को सि.नं १ को निर्णयलाई निम्नानुसार गर्ने सम्बन्धमा ।

तपसिल

| सि.नं | साविकको योजनाको नाम | संसोधन भएको योजनाको नाम | नगरपालिकाबाट साझेदारी रकम रु | उपभोक्ता समितिबाट साझेदारी रकम |
|---|---|---|---|---|
| १ | पन्चानब्बे मार्ग कालोपत्रे थप रकम | पन्चानब्बे/तेर्सो फुलटार सडक कालोपत्रे वडा नं ६ | २,३९,७६३। | ७१,९२९। |

**निर्णय नं ६**

आ.व २०७९/८० को वार्षिक कार्यक्रम अन्तर्गत **Run for Sundarbazar Event** संचालनका लागि सुन्दरबजार यूवा क्लबले प्रस्तावना पेश गरेकामा नगरसभाबाट सो कार्यक्रमका लागि विनियोजन भएको रकम रु २ लाखमा नबढ्ने गरी कार्यक्रम संचालनका लागि सो क्लबलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं ७**

यस नगरपालिका नगरकार्यपालिकाको मिति २०७९/०८/२० गते बसेको आ.व २०७९/८० को आठौं बैठकका निर्णय नं १२ मा "सु.न.पा २ पाँउदीखोला देखि तिलक स्मृती गेट सम्मको सडक ढलान तथा कालोपत्रे गर्नको लागि प्राविधिक लागत इस्टमेट अनुसार रु ७६,९४,५८०।७६ (अक्षरेपी छहत्तर लाख चौरानब्बे हजार पाँच सय असी रुपैंया, छयहत्तर पैसा मात्र) लाग्ने देखिएको हुँदा सु.न.पा २ बाट रु ७,००,०००।(अक्षरेपी सात लाख मात्र) , प्रदेश सरकारबाट रु १४,००,०००।(अक्षरेपी चौध लाख मात्र) र बाँकी रकम नगरपालिकाले विविध पूँजीगत शीर्षकबाट रकम विनियोजन गरी सडक ढलान तथा कालोपत्रे गर्ने" निर्णय भएकोमा टेण्डर प्रक्रिया द्धारा छनौट भई सुबिल निर्माण सेवा सँग रु ७०,८०,७९१।३५ (अक्षरेपी सत्तरी लाख असी हजार सात सय एकानब्बे रुपैंया पैतीस पैसा मात्र) मा सम्झौता भई निर्माण कार्य सुरु

शिशिर पौडेल
... अधिकृत

भएको । टेण्डर भए पश्चात पूर्वाधार कार्यालयबाट प्रदेश सरकारबाट परेवाडाँडा-कुन्छा-भागिरथी भञ्ज्याङ-जिताट्क्सार-सूर्यपाल-समीभञ्ज्याङ-रामघाट जोड्ने सडक स्तरोन्नती गर्ने योजनाको रु १४,००,०००। यसै टेण्डरमा ओभरल्यापिङ गरेर काम गर्न नमिल्ने भनी हनुमान चोकबाट कमेरेपानी मोटरबाटो ग्राबेल गरेको हुँदा ठेक्का सम्झौता भएको रकम मध्ये सु.न.पा २ बाट रु ७,००,०००।(अक्षरेपी सात लाख मात्र) र बाँकी रकम रु ६३,८०,७९१।३५ (अक्षरेपी त्रीसठ्ठी लाख असी हजार सात सय एकानब्बे रुपैंया पैतीस पैसा मात्र) नगरपालिकाले विविध पूँजीगत शीर्षकबाट निर्माण सम्पन्न पश्चात भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ८**

आ.व २०७९/०८० को स्विकृत वार्षिक कार्यक्रमहरु विभिन्न कारणले योजना सम्झौता हुन बाँकी रहेका योजनाहरुको म्याद मिति २०८० जेष्ठ १० गते सम्म थप गर्ने र सबै पूँजीगत खर्चका योजनाहरुको अन्तिम भुक्तानी मिति २०८० असार १० गते सम्म गरी सक्ने निर्णय गरियो ।

**निर्णय नं ९**

यस नगरपालिका अन्तर्गत Built up area र गोरेटो बाटोहरुको हकमा सडकको क्षेत्राधिकार ६ मी. नपुगेको भएपनि ढलान तथा कालोपत्रे गर्दा नगरपालिकाको तर्फबाट ७० प्रतिशत र उपभोक्ताको तर्फबाट ३० प्रतिशत लागत सहभागीतामा निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं १०**

आ.व २०७९/८० को वार्षिक कार्यक्रम अन्तर्गत कार्यालय प्राङ्गढमा टायल/ढुङ्गा बिच्छ्याउने कार्यका लागि रु ६५,००,०००।(अक्षरेपी पैसठ्ठी लाख मात्र) विनियोजन भएकोमा प्राविधिक लागत ईस्टमेट तयार गरी बृहुबर्षिय योजना अन्तर्गत टेण्डर प्रक्रिया अघि बढाउने साथै रकम अपुग भएमा आ.व २०८०/८१ मा बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

गण्डकी प्रदेश सरकारको आ.व.०७९।०८० को वार्षिक कार्यक्रम अन्तर्गत बिशेष अनुदान मार्फत संचालन हुने योजना **"बजारकोट खानेपानी आयोजना सुन्दरबजार"** शिर्षकमा रु ४०,००,०००। (अक्षरेपी चालीस लाख मात्र) विनियोजन भएको तर सो क्षेत्रमा खानेपानीको लागि प्रयोग गर्दै आईरहेको मुल सुकेको र गहते खानेपानीबाट बजारकोटलाई खानेपानी दिने सहमती भएको हुँदा प्राविधिक लागत ईस्टमेट अनुसार उपभोक्ता समिति मार्फत बजारकोट हुँदै घुमाउने सम्म खानेपानी विस्तार गर्ने निर्णय गरियो ।

**निर्णय नं १२**

ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजना (REED), आर्थिक कोरिडोर कार्यालय, बुटवल, रुपन्देहीबाट परामर्श दाताको सहयोगमा तयार गरिएको पालिकास्तरीय, कृषि तथा पशुपंक्षी सेवा केन्द्र भवनको Design/ Drawing(Architectural and Structural)

शिशिर पौडेल
... अधिकृत

र Structural analysis and Geo-technical report एवम् सोको नक्सा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं १३**

सु.न.पा २ स्थित हाँडेटार सिँचाई कुलो संचालनका लागि मर्मत सम्भार कोषबाट रु ५ लाख र विविध पूँजीगत शीर्षक ५ लाख गरी जम्मा रु १० लाख रकम विनियोजन गरी कार्यसम्पन्न पश्चात भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं १४**

मानव अधिकार आयोग स्थानीय तह, पोखरा, गण्डकी प्रदेशको च.नं ११३ मिति २०७९/१२/१२ गतेको पत्र अनुसार मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.व २०७७/७८-२०८१/८२) कार्यान्वयन सुनिश्चितताको लागि नगरप्रमुखको अध्यक्षको संयोजकत्कमा रहने मानव अधिकार राष्ट्रिय कार्ययोजना स्थानीय तह समन्वय समितिमा यस नगरपालिकामा कार्यरत अधिकृत सातौं श्री विवेक कुमार पण्डित र अधिकृत छैटौं श्री निर्मला पौडेललाई सदस्य चयन गर्ने निर्णय गरियो ।

**निर्णय नं १५**

बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, हरिहरभवन, ललितपुरको मिति २०७९/१२/01 गतेको सूचना अनुसार मोटो/मध्यम जातको धानको बीउको मूल्य प्रति के.जी रु ५५ र मसिनो जातको धानको बीउको मूल्य प्रति के.जी रु ६० तोकीएकोमा बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ को दफा १० उपदफा (५) को खण्ड (ज) मा व्यवस्था भए अनुसार ढुवानी तथा व्यवस्थापन खर्च वापत प्रति के.जी रु १० कायम गरी मोटो/मध्यम जातको धानको बीउको मूल्य प्रति के.जी रु ६५ र मसिनो जातको धानको बीउको मूल्य प्रति के.जी रु ७० कायम गर्ने आर्थिक विकास समितिको निर्णय अनुमोदन गरी मूल्य कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं १६**

सुन्दरबजार नगरपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ तपशिल अनुसार संसोधन गर्ने निर्णय गरियो ।

तपशिल

| दफा/उपदफा | हाल भएको व्यवस्था | संसोधन |
|---|---|---|
| दफा १५ को उपदफा (८) | अनुगमन गर्न जाँदा आवश्यकता हेरी सवारी साधनको व्यवस्था गरिनेछ । अनुगमन समिति सदस्यलाई खाना र खाजा बाहेक अन्य सुविधा प्रदान गरिने छैन । | अनुगमन गर्न जाँदा आवश्यकता हेरी सवारी साधनको व्यवस्था गरिनेछ । अनुगमन समिति सदस्यलाई योजना अनुगमन गर्दा नियमानुसार खाजा, खाना र अनुगमनभत्ता उपलब्ध गराइनेछ |

शिशिर पौडेल
[illegible] अधिकृत

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार लमजुङ
गण्डकी प्रदेश, नेपाल

**निर्णय नं १७**

आ.व २०७९/८० को वार्षिक कार्यक्रम उप प्रमुख जेहेनदार छात्रवृत्ति संचालन कार्यविधि सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं १८**

मिति २०७९ चैत्र महिनामा आएको हावाहुरीको कारण क्षती पुगेका निजी घर, सामुदायिक भवनहरु मर्मतको लागि यस नगरपालिकामा निवेदन पेश गरेका तपशिल अनुसारका व्यक्ति तथा संस्थाहरुलाई विपद व्यवस्थापन/विविध पूँजीगत/आर्थिक सहायता शीर्षकबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि.नं | व्यक्ति तथा संस्था | ठेगाना | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | श्री घुमाउने सामुदायिक विकास केन्द | सु.न.पा ५ | १,५०,०००। | |
| २ | दुरा सेवा समाज | सु.न.पा १० | १,००,०००। | |
| ३ | ओम साई राम मन्दिर | सु.न.पा ७ | १,००,०००। | |
| ४ | शोभा कला हमाल | सु.न.पा २ | २०,०००। | |
| ५ | बम बहादुर थापा | सु.न.पा २ | १०,०००। | |
| ६ | रामचन्द्र सेढाई | सु.न.पा २ | २०,०००। | |
| ७ | जिल्ला विपद व्यवस्थापन समिति | लमजुङ | १,००,०००। | मोटरबोट खरिद |

**निर्णय नं १९**

यस नगरपालिका आर्थिक सहयोगका लागि निवेदन पेश गरेका तपशिल अनुसारका व्यक्ति, संघ, संस्थाहरुलाई देहाय अनुसार विविध पूँजीगत/आर्थिक सहायता शीर्षकबाट रकम उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल**

| सि.नं | व्यक्ति,संघ, संस्था | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | नेपाली सेनाको चण्डी प्रसाद गण, उदिपुर व्यारेक, लमजुङ | १९,१९९।९४ | स्वीनविन ड्रमको खर्च रकम |
| २ | नेपाल राष्ट्रिय शिक्षक संगठन, जिल्ला समिति, लमजुङ | २०,०००। | शैक्षिक सन्देश भाग-२ विमोजन |
| ३ | गढीकालिका मन्दिर,सु.न.पा १, कुन्छा | २५,०००। | बली पुजा |

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सुन्दरबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुन्दरबजार लमजुङ गण्डकी प्रदेश, नेपाल

**निर्णय नं २०**

यस नगरपालिकाको विविध पूँजीगत/आर्थिक सहायता शीर्षकमा विनियोजन गरिएको रकमबाट तपशिल अनुसार कार्यक्रम संचालनको लागि रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं | कार्यक्रम | ठेगाना | रकम रु |
|---|---|---|---|
| १ | विद्यालय व्यवस्थापन तथा शैक्षिक सुधार | कान्ति मन्दिर मा.वि, सु.न.पा २ | १,००,०००। |
| २ | पिपलथोक गाउँ देखी सामुदायिक भवन सम्मको ठाडो बाटो निर्माण | सु.न.पा, ४ सिम्ले जामुने | २,००,०००। |
| ३ | बाल कक्षा संचालनका लागि भवन मर्मत | शान्ति सिर्जना प्रा.वि. सु.न.पा ४, सत्रसय | २,००,०००। |
| ४ | विद्यालयमा कार्यरत शिक्षकहरुको लागि सूचना तथा संचार प्रविधिको प्रयोग सम्बन्धी तालिम | श्री आदर्श बाल मा.वि., सु.न.पा ६, बरेटार | २,००,०००। |
| ५ | ए.सी र रेफ्रिजिरेटर मर्मत सम्बन्धि तालिम सामाग्री खरिद | फुलबारी बहुउद्धेशीय सेवा समाज, सु.न.पा ९ | १,००,०००। |

**निर्णय नं २१**

सुन्दरबजार सह लगानी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई १० औं नगरसभाबाट विनियोजन गरिएको रकम समितिको खातामा सोझै अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं २२**

नगरपालिका भित्र विभिन्न खेलकुद कार्यक्रम संचालन गरेका यूवा क्लब तथा खेलकुद कार्यक्रम संचालनको आर्थिक सहयोग माग गरेका तपशिल अनुसारका यूवा क्लबहरुलाई देहाय बमोजिम रकम यूवा क्लबहरुलाई खेलकुद संचालन अनुदान शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**तपशिल**

| सि.नं | यूवा क्लब/समिति | ठेगाना | रकम रु |
|---|---|---|---|
| १ | सुन्दरबजार यूवा क्लब | सु.न.पा ६ | ५०,०००। |
| २ | दोभान एकंता क्लब | सु.न.पा ७ | ४०,०००। |
| ३ | कालिका यूवा क्लब | सु.न.पा ५ | ३०,०००। |
| ४ | कोइरालाफाँट यूवा क्लब | सु.न.पा १० | ३०,०००। |
| ५ | त्रिदेव भुमी यूवा क्लब | सु.न.पा २ | ३०,०००। |
| ६ | पर्यटन व्यवस्थापन समिति, ग्रामिण पर्यटन | घलेगाँउ लमजुङ | २०,०००। |

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार लमजुङ
गण्डकी प्रदेश, नेपाल

**निर्णय नं २३**

दुग्ध विकास संस्थान, लैनचौर, काठमाण्डौको च.नं १३४८ मिति २०७९/१२/१० गतेको पत्र अनुसार दुध संकलन केन्द्र स्थापनार्थ सु.न.पा ६ खत्रीठाँटी, सु.न.पा ३ पिरिन्तेबेशी वा सु.न.पा १० कोइरालाफाँटमा चिस्यानकेन्द्र निर्माणको लागि दुग्ध विकास संस्थानमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं २४**

यस नगरपालिका भित्रका सम्पूर्ण वडाहरुमा राष्ट्रिय परिचयपत्र नाम दर्ता कार्यक्रमको लागि दर्ता शिविर संचालन गर्दा लागेको खर्च बापत सम्पुर्ण वडाहरुलाई प्रती दिन रु १५०० का दरले खर्च रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं २५**

यस नगरपालिका जग्गा एकिकरण गरी बस्ति विकास योजना संचालनकाको लागि माग भई आएकोमा नगरपालिकाको पूर्व राईनास नगरपालिका र दोर्दी गाँउपालिका , पश्चिम मध्यनेपाल नगरपालिका, उत्तर बेशिसहर नगरपालिका, दक्षिण भानु नगरपालिका, तनहुँ चारकिल्ला भित्र बस्ति विकास योजना संचालनको नगर विकास समिति गठन गर्न शहरी विकास मन्त्रालय, सिंहदरबजार, काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं २६**

यस नगरपालिका कृषि विकास शाखामा ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजना (REED), आर्थिक कोरिडोर कार्यालय, बुटवल, रुपन्देहीको सहयोगमा भवन निर्माण हुन लागेको हुँदा सो स्थानमा रहेको फलामे ट्रस टनेल सेट सु.न.पा ३ स्थित सनातन धर्म सेवा संघ गुरुकुल आश्रम, दुराडाँडालाई तरकारी खेती गर्नको लागि ढुवानी र व्यवस्थापन खर्च नगरपालिकाले व्यहोर्ने गरी टनेल प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं २७**

सु.न.पा ७ वडा कार्यालयको च.नं १६३१ मिति २०८०/०१/३१ गतेको सिफारिस अनुसार नेपाल बैंक लिमिटेड, सुन्दरबजार शाखा सँग आ.व २०७९/८० मा वडा भित्र सि.सि.टि.भि जडान गर्नको लागि सामाजिक उत्तरदायित्व अन्तर्गत रु १ लाख माग भएको तर बैंकको केन्द्रिय कार्यालयबाट रु ४० हजार मात्र स्विकृत भई आएको हुँदा सो रकम बाट वडा भित्र डस्टवीन खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं २८**

सुन्दरबजार नगरपालिका नगरकार्यपालिकाको बैठक प्रत्येक महिनाको १० गते र २५ गते नगरपालिका कार्यालयमा बस्ने निर्णय गरियो ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं २९**

सु.न.पा ६ स्थित अन्नपूर्ण परियार एकता समाजको मिति २०७९/१२/१९ गतेको निवेदन अनुसार समाजलाई गत आ.व.मा सु.न.पा ६ बाट नौमती बाजा सहयोग भएकोमा वडामा रहेका बेरोजगार यूवा यूवतीहरुको आर्थिक उन्नती र सिप विकासका लागि नौमती बाजा बजाउन सिकाउने तालिम संचालनको लागि रु १ लाख विविध पूँजीगत/विविध चालु/आर्थिक सहायता शीर्षकबाट भुक्तानी दिने गरियो ।

**निर्णय नं ३०**

श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार, काठमाण्डौको आ.व २०७९/८० को लागि वि.पी पार्क संरक्षण सुन्दरबजार-६, लमजुङ शीर्षकमा रु १० लाख विनियोजन भई आएको तर यस नगरपालिका अन्तर्गत वडा नं ७ मा वि.पि. पार्क निर्माण भएको साथै नगरपालिका क्षेत्र भित्र अन्य कुनै पनि स्थानमा वि.पि. पार्क नभएको हुँदा उक्त योजनाको ठेगाना सुन्दरबजार-७ कायम गरी दिनका लागि सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

२०८०/१/२९

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत